# विद्यार्थी भर्ना कार्यक्रम २०७५ सम्वन्धमा सवै सरोकारवालाहरुलाई जिल्ला शिक्षा कार्यालय तनहुँको अनुरोध

“हामी सवैको इच्छा, अनिवार्य निःशुल्क आधारभूत शिक्षा”

भन्ने विद्यार्थी भर्ना कार्यक्रमको आदर्श वाक्यका साथ शैक्षिक सत्र २०७५ मा सवै बालवालिकाहरुलाई विद्यालय तथा बैकल्पिक शिक्षाका कक्षामा, स्वागत, भर्ना, तथा टिकाउ कार्यक्रमलाई प्रभावकारी बनाउन नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा विभागवाट कार्यक्रमलाई व्यवस्थित बनाउन “एक बच्चाको भर्ना मेरो सामाजिक दायित्व , पहुँचको सुनिश्चितता र सिकाईमा स्थायित्व ” भन्ने नारालाई आत्मसात गरी विपन्न गरीब, सिमान्तकृत लोपोन्मुख लयागत शिक्षाको अवसरबाट बञ्चित कम्तिमा १ जना बालबालिकालाई भर्ना गराउन नेपाल सरकारले अब्हान गरेको जानकारी गराउन चाहन्छौं ।

यस कार्यक्रमलाई सफल बनाउनका लागि स्थानीय राजनीतिक दलका पदाधिकारी , सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचित जनप्रतिनिधि , उद्योगी, व्यापारी, बुद्धिजीवी, नागरिक समाज, सञ्चारकर्मी, रङ्गकर्मी, कलाकर्मी, प्रधानाध्यापक, शिक्षाविद्, पेसाकर्मी, राष्ट्रसेवक कर्मचारी, निजामति कर्मचारीहरूको आधिकारिक ट्रेडयुनियन, शिक्षक महासङ्घ, शिक्षकका पेशागत संघ संगठनहरू अभिभावक सङ्घ नेपाल, शिक्षक, विद्यालय व्यवस्थापन समिति , शिक्षक–अभिभावक संघ , सामुदायिक सिकाइ केन्द्रहरू , अभिभावक, विद्यार्थी, युवा समूह, महिला समूह, आमा समूह, वन समूह, बालक्लव, स्थानीय सरकारी तथा गैर सरकारी संघ संस्थाहरू लगायत सम्पूर्ण देशभक्त एवम् शिक्षाप्रेमी नागरिकहरूमा अनुरोध छ ।

यस कार्यक्रमलाई सफल वनाउन २०७५ वैशाख २ गते देखि १४ गतेसम्म विद्यालयमा भर्ना हुन आएका बालवालिकाहरूलाई निःशुल्क पाठ्यपुस्तक सेट , अविर, पुष्पगुच्छा तथा मुस्कान सहित भर्ना तथा स्वागत गर्ने र १५ देखि ३० गतेसम्म आ –आफ्नो नजिक, सेवाक्षेत्रमा रहेका विद्यालयमा भर्ना नभएका वालवालिकाहरूलाई विद्यालय तथा वैकल्पिक शिक्षाका कक्षामा भर्ना गर्ने घरदैलो तथा अभिभावक भेटघाट कार्यक्रम सञ्चालन गर्नका लागि आ -आफ्नो तर्फवाट आवश्यक सहयोगका साथै हाम्रा स्थानीय तहहरुलाई पुर्ण भर्नायुक्त स्थानीयतहरूको रुपमा घोषणा गर्ने कार्यमा सहयोग गरी सबै बालवालिकाहरूलाई अनिवार्य, निःशुल्क आधारभूत शिक्षा प्राप्त गर्ने संवैधानिक व्यवस्थालाई सफल बनाई दिनुहुन हार्दिक अनुरोध गर्दछौं ।

जिल्ला शिक्षा कार्यालय, तनहुँ, परिवार